**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETINS**

**BROADCAST 18.40HRS** **DATE:30.05.2024**

---

***Loksabha Phase last phase***

लोकसभा चुनाउको सातौं तथा अन्तिम चरणको प्रचार अभियान आज समाप्त भएको छ।

प्रचारको अन्तिम दिनमा राजनीतिक पार्टीका शीर्ष नेताहरूले जनसभा र रोड शो गरे।

यस चरणमा पहिलो जूनका दिन सात राज्य र एक केन्द्रशासित प्रदेशका सन्ताउन्न सीटहरूमा भोट हालिनेछ।

मतगणना चार जूनमा हुनेछ।

---

***Notification mangan***

राज्यमा गत महीना उन्नाइस तारीकका दिन भएको लोकसभा र विधानसभाको मतदानलाई लिएर मतगणनाको तयारी जोड़तोड़ले भइरहेछ।

मंगन जिल्लाको मतगणना, जिल्ला प्रशासनिक केन्द्र तथा जिल्ला निर्वाचन कार्यालय पेन्तोकमा हुनेछ।

गणना परिसरभित्र अनाधिकृत व्यक्तिहरूको प्रवेशलाई रोक्न र शान्ति ढंगमा मतगणना सुनिश्चित गर्न कानुन औ व्यवस्था बनाइ राख्नका लागि दुई र चार तारीक जूनका दिन विभिन्न राजनीतिक पार्टीका समर्थकहरू भेला हुने स्थान निर्धारित गरिएको छ।

मंगनका जिल्ला निर्वाचन अधिकारी कार्यालयद्वारा आज जारी अधिसूचना अनुसार सिक्किम क्रान्तिकारी मोर्चा SKM र भारतीय जनता पार्टीका लागि मंगन पब्लिक ग्राउण्ड अनि सिक्किम प्रजातान्त्रिक मोर्चा SDF र सिटिजन एक्शन पार्टी सिक्किमका निम्ति मंगन जिल्ला पञ्चायत भवन तय गरिएको छ।

SKM र BJP का समर्थकहरूले सामुदायिक केन्द्र परिसर भित्र आफ्ना वाहनहरू राख्नुपर्नेछ भने मंगन जिल्ला पञ्चायत भवन परिसरमा भेला हुने SDF र सिटिजन एक्शन पार्टाका समर्थकहरूलाई जिल्ला भवन- नाम्पताम मार्गमा मात्र वाहनहरू बिसाउने अनुमति दिइनेछ।

---

***Review meeting Gangtok***

अर्कोतिर आम चुनाउ 2024 का लागि स्वच्छ सही र पारदर्शी मतगणना प्रक्रिया सुनिश्चित गर्न गेजिङ स्थित कन्या उच्चतर माध्यमिक पाठशाला क्योङसाको प्रेक्षागृहमा आज समीक्षी बैठक बस्यो।

जिल्ला निर्वाचन अधिकारी श्री एम भरनी कुमारले डाक्नु भएको बैठकको मुख्य उद्देश्यले मतगणना दिवसमा जिल्लाको तयारी र यस दिन उत्पन्न हुनसक्ने चुनौतीहरूको समाधान गर्नु थियो।

यसमा योक्सम्म टाशिडिङ र याङथाङ समस्टिका रिटर्निङ अधिकारी, सहायक रिटर्निङ अधिकारीहरू र सबै नोडल अधिकारीहरू उपस्थित थिए।

बैठकमा मतगणनाको तयारी सम्वन्धी योजनावारे चर्चा गर्नका साथै सुरक्षित वातावरण, यातायात व्यवस्था र कानुन औ व्यवस्था सम्वन्धमा पनि जानकारी दिइयो।

---

***Pakyong service voter***

पाकिम जिल्ला प्रशासनिक केन्द्रमा आज सेवा मतदाताको एउटा डाकमतपत्र आइपुग्यो डाकघरका अधिकृतद्वारा यो मतपत्र हस्तान्तर हस्तान्तरण गरिएपछि जिल्लालाई प्राप्त भएका डाक मतपत्रहरूको संख्या तीन सय छयालिस पुगेको छ।

भारतको निर्वाचन आयोगतो दिशानिर्देश अनुरूप डाक मतपत्रलाई सीलबन्द गरी स्ट्रङ रूममा राखिएको छ।

---

***Service voter namchi***

नाम्ची जिल्ला प्रशासनिक केन्द्रलाई पनि आज ETPBS प्राणलीद्वारा मतदान गर्ने सेवा मतदाताहरूका डाक मतपत्र प्राप्त भयो।

जिल्ला निर्वाचन अधिकारी र नोडल अधिकारीले मतपत्रहरू ग्रहण गर्नुभयो।

नाम्ची जिल्ला अधिन सबै समस्टिहरूका अहिलेसम्म जम्मा तीन सय छयानब्बेवटा डाक मतपत्रहरू प्राप्त भएका छन्।

यी मतपत्रहरूलाई ETPBS मतपटीमा कड़ा सुरक्षावीच राखिएको छ।

---

***Governor***

राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्य हिमाचल प्रदेशका राज्यपाल श्री शिव प्रताप भुवलावीच एउटा महत्वपूर्ण बेठक आज वाराणसीमा बस्यो।

यसमा सिक्किम र हिमाचल प्रदेश वीच सांस्कृतिक, भोगोलिक र पर्यावरणीय सम्वन्ध बढ़ाउनुपर्ने कुरोमाथि जोड़ दियो।

बातचीतका बेला उहाँहरूले दुवै राज्यले धनी सांस्कृतिक विरासत साझा गर्नुपर्ने आवश्यकतावोध गर्नुभयो।

दुवै राज्यका राज्यपालले सांस्कृतिक विनिमय सहयोगत्मक कार्यक्रमहरू र संयुक्त पहलहरूद्वारा आपसी सम्मान तथा सुझबुझ बढ़ाउनमा बल दिनुभयो।

---

***Governor condolence***

राज्यपाल श्रई लक्ष्मण प्रसाद आचार्यले बर्फुङ निर्वाचन क्षेत्रका पूर्व विधायक श्री सोनाम ग्याछो भुटियाको असामयिक निधनमा शोक व्यक्त गर्नुभएको छ।

आफ्नो शोक सन्देशमा उहाँले श्री ग्याछोले जनसेवाप्रति आफ्नो अटूट प्रतिवध्दताद्वारा बर्फुङका मानिसहरूमा अमिट छाप छोड़ेको कुरो बताउनुभएको छ।

शोक सन्तप्त परिवारप्रति सम्वेदना प्रकट गर्दै राज्यपालले दिवंगतको आत्मका शान्तिको कामना गर्नुभएको छ।

---

***CM***

धर्मगुरू टिकु साङ्गे योवेन ग्याछो गुरूङले आज मिन्तोगाङमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङसित भोट गर्नुभयो।
भेटघाटका बेला उहाँले श्री तामाङलाई बोध्द सामुदायिक केन्द्र टाशी डोङाक छोलिङ U.K को तर्फवाट प्रशंसा पत्र प्रदान गर्नुभयो।

मुख्यमन्त्रीले बोध्द सामुदायिक केन्द्र united kingdom का अध्यक्ष श्री हर्क गुरूङ उपाध्यक्ष श्री रबिन गुरूङ सबै सदस्याहरूप्रति कृतज्ञता प्रकट गर्नुभएको छ।

---

***IMD Monsoon***

भारतको मौसम विज्ञान विभागले भनेको छ दक्षिण-पश्चिम मनसूनले केरालामा प्रवेश गरेको छ र आज यो पूर्वोत्तर भारतका अधिकांश भागहरूमा अघि बढ़ेको छ।

मनसूम, निधारित तिथि एक जून भन्दा दुई दिन अद्याडिनै आएको छ।

आकाशवाणी समाचारसित बातचित गर्दै मौसम विभागका महानिदेशक मृत्युंजय महापात्रले भन्नुभयो आउँदो दुई तीन दिनमा कर्नाटक, तामिलनाडु र पुडुचेरी लगायत दक्षिण भारतका रहल भागहरूमा मनसूनको शुरूवातका लागि परिस्थिति अनुकूल छ।

उहाँले भन्नुभयो उप हिमालयी पश्चिम बंगाल, सिक्किम र पूर्वोत्तर भारतका सबै क्षेत्रहरूमा पनि मनसुन आउनेछ।

---